दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक ५६ | बुटवल | २०८२ फागुन ०७ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday February 19, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# कस्तो छ कांग्रेसको प्रतिज्ञापत्र ?

प्रतिज्ञापत्रलाई 'भिजन १०' को सार संक्षेपमा को रूपमा प्रस्तुत गरेको छ। भिजन-१० मा सम्मानित नेपाली भएर बाँच्न पाउने नेपालदेखि समुन्नतिमा लम्किने नेपालसम्मको परिकल्पना गरिएको छ।



लुम्बिनी संवाददाता

*बुटवल*

नेपाली कांग्रेसले २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि पार्टीको प्रतिज्ञापत्र सार्वजनिक गरेको छ। पार्टी सभापति गगन थापाले जनकपुरको तिरहुतियामा बुधबार आयोजित प्रतिज्ञासभामा पार्टीको प्रतिज्ञापत्र सार्वजनिक गरेका हुन्।

कांग्रेसले यसपटक जिम्मेवारी, दृष्टिकोण र संकल्पको आत्मवोधबाट नेपाल संसारकै एक उत्कृष्ट देश बन्न सक्ने सम्भावना, कार्ययोजना र आधारसहितको प्रतिज्ञापत्र प्रस्तुत गरेको पार्टी प्रवक्ता देवराज चालिसेले दाबी गरे। बुधबार आयोजित पत्रकार सम्मेलनमा उनले प्रतिज्ञा पत्रका हरेक अक्षरका प्रष्ट अर्थ रहेको बताए। प्रतिज्ञा पत्रमा उल्लेखित योजना कार्यान्वयनका आधारमा कार्यसम्पादन मूल्यांकन हुनुपर्ने कांग्रेसको चाहना रहेको उनको भनाइ छ। सम्मानित भएर बाँच्न पाउने नेपालदेखि समुन्नतिमा लम्कने नेपालसम्मको योजना कांग्रेसले अघि सारेको उनले बताए।

प्रतिज्ञापत्र केवल देखाउन मात्रै नभई कार्यान्वयन गरेर समुन्नत नेपाल सम्मानित नेपालीको नारालाई व्यवहारमा ल्याउने प्रतिबद्धता कांग्रेसको रहेको उनले जनाए। कांग्रेसले प्रतिज्ञापत्रलाई सरल शब्दावलीमा 'भिजन टेन' को सार संक्षेपको रूपमा प्रस्तुत गरेको छ। भिजन-१० मा कांग्रेस भएर बाँच्ने नेपालदेखि समुन्नतिमा लम्किने नेपालसम्मको परिकल्पना गरिएको छ।

पार्टी सभापति गगनकुमार थापा, उपसभापति एवं निर्वाचन परिचालन समितिका संयोजक विश्वप्रकाश शर्मा, उप-सभापति पुष्पा भुषाल, मधेस प्रदेशका सभापतिसहित नेताहरूको उपस्थितिमा प्रतिज्ञापत्र सार्वजनिकीकरण सभा भएको हो।

कांग्रेसले आमनिर्वाचनबाट बहुमतसहितको लोकतान्त्रिक र लोकहितमा समर्पित सरकार बनाउने लक्ष्य लिएको जनाएको छ।

कांग्रेसले यसपटक जिम्मेवारी, दृष्टिकोण र संकल्पको आत्मवोधबाट नेपाल संसारकै एक उत्कृष्ट देश बन्न सक्ने भावना, कार्ययोजना र आधारसहितको प्रतिज्ञापत्र प्रस्तुत गरेको पार्टी प्रवक्ता देवराज चालिसेले दाबी गरे। कांग्रेसले आफ्नो प्रतिज्ञा पूरा गर्ने तर,अमूक र अर्मूत कारण देखाएर जिम्मेवारीबाट नभाग्नेसमेत बताएको छ।

'नेपाली कांग्रेसले चाहेको यतिमात्र छ कि आगामी दिनहरूमा आम मतदाता र जनताले प्रतिज्ञापत्रको कार्यान्वयनका आधारमा पार्टी, तमाम नेता र कार्यकर्ताको कार्यसम्पादन मूल्यांकन गर्नुहुनेछ', विज्ञप्तिमा भनिएको छ-'हामी अमूक र अर्मूत कारण देखाएर कहिल्यै जिम्मेवारीबाट पन्छदैनौं।'

पुनरुत्थानमा सफल सुरुआत गरेको कांग्रेसले नै जनताबाट इच्छित भविष्य साकार पार्ने संकल्प लिएको छ।

भिजन-१० मा सम्मानित नेपाली भएर बाँच्न पाउने नेपाल, सपना देख्न सक्ने नेपाल, सम्पत्ति र रोजगारी सृजनालाई प्रोत्साहन गर्ने नेपाल, पेटभरी खुवाउने, देशलाई चिनाउने किसानको नेपाल, ओखती र ओत दिने नेपाल, छोराछोरी पढाउन आर्थिक भार नपर्ने नेपाल, बेथिति र हैरानीमुक्त विधिको शासन भएको नेपाल, मौलिकतामा गर्व गर्न सक्ने आधुनिक नेपाल, विश्वले सम्मान गर्ने स्वाभिमानी नेपाल र समुन्नतिमा लम्कने नेपाल समावेश छन्।

### देश निर्माण नै अबको भिजन : गगन

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले हरेक नेपालीलाई सम्मानित भएर बाँच्न पाउने गरी देश निर्माण नै अबको भिजन भएको बताएका छन्। मधेश प्रदेशको जनकपुरमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्।

'प्रत्येक नेपाली सम्मानित भएर बाँच्न पाउने बनाउनेछौं। प्रत्येक नेपालीले सपना देख्न पाउने र आफ्नो जीवनकालमा साकार हुनसक्ने बनाउनेछौं। नेपाललाई पेटभरि खुवाउने र आफ्नो उत्पादनलाई संसारभरी चिनाउनसक्ने किसानको नेपालमा बनाउनेछौं,' उनले भने-'नेपाललाई हामी छोराछोरीलाई पढाउँदै गर्दा ऋण काढ्नुनपर्ने बनाउनेछौं। यो नेपाललाई हामी ओखती गर्दैगर्दा डराउन नपर्ने नेपाल बनाउनेछौं।'

नेपाललाई मौलिकतामा गौरव गर्ने नेपाल बनाउने उनले प्रतिज्ञा गरे। 'सँगसँगै आधुनिकतामा लम्किने नेपाल बनाउनेछौं। यो नेपाललाई विश्वले स्वाभिमानी देश भनेर चिन्ने देश बनाउनेछौं।'-उनले भने। प्रत्येक नागरिक हैरानीबाट नगुज्रिने नेपाल बनाउने उनले बताए। 'यो हाम्रो संकल्प हो, प्रतिज्ञा हो।'- सभापति थापाले थपे। थापाले नेपाललाई अहिले सुधार चाहिएको र सुधारको ग्यारेन्टी लिएर आफूहरू उभिएको बताएका छन्।

जनकपुरको सभाअघि बुधबार राजधानीमा आयोजिक कार्यक्रममा उनले अबको पाँच वर्ष खेर नफाल्ने गरि संकल्प र योजनासहित आफूहरू आएको बताएका हुन्। उनले नागरिक तहमा विशेषगरी युवा पुस्तामा असन्तोष बढिरहेको उल्लेख गर्दै देश सञ्चालनको वर्तमान शैलीप्रति युवाहरूको गुनासो जायज रहेको बताए।

» *बाँकी ३ पेजमा*

## रास्वपामा दागैदाग भएकाको बिगबिगी : शर्मा

बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपा मधेस प्रदेशकी संस्थापक सभापति ममता शर्मा नेपाली कांग्रेसमा प्रवेश गरेकी छिन्। जनकपुरधामको तिरुहुतियागाछीमा आयोजित कांग्रेसको प्रतिज्ञा सभामा उनलाई पार्टी केन्द्रीय सभापति गगनकुमार थापाले कांग्रेसमा स्वागत गरे।

पार्टी प्रवेश गरेसँगै उनले रास्वपामा दागैदाग भएकाहरूको बिगबिगी रहेकाले कांग्रेसमा प्रवेश गरेको बताइन्। उनले प्रतिज्ञा सभामा बोल्दै उनले भनिन्-'रास्वपा पार्टीमा दागैदाग भएकाले टिकट पाएपछि आफूले गरेको योगदान खेर गएकोले मैले उक्त पार्टी परित्याग गरी जेनजीको भावना बोक्ने र सुशासनको काममा जोड दिने पार्टी नेपाली कांग्रेसमा प्रवेश गरेकी हुँ।'

उनले कांग्रेस ८० वर्षको विरासत बोकेको मात्रै नभइ मधेसको आवाजलाई पहिलो प्राथमिकतामा राखेर वर्तमान सभापति नै मधेस आएर उम्मेदवारी दिएकाले हामी सबैले मधेशी जनताले साथ दिनुपर्ने बताइन्।

उनले हरेक पटकको चुनावमा मधेशले नेताहरूलाई भोट दिएको तर नेताहरूले मधेसलाई चोटैचोट दिएको हुनाले यसपटक बदलिएको कांग्रेसलाई भोट दिन पनि अपील गरिन्।

## प्रतिज्ञापत्रमाथि आज प्रश्नोत्तर

बुटवल। नेपाली कांग्रेसले चुनावी प्रतिज्ञापत्रमा समेटिएका विषयमा खुला प्रश्नोत्तर गर्ने भएको छ। बुधबार जनकपुरमा सार्वजनिक गरिएको प्रतिज्ञापत्रबारे विस्तृतमा जानकारी दिन कांग्रेसले बिहीबा खुला प्रश्नोत्तर गर्ने भएको हो। बिहीबार दिउँसो १ बजेदेखि काठमाडौंको राष्ट्रिय सभागृहमा हुने 'हाम्रो प्रतिज्ञा-तपाईंको प्रश्न' कार्यक्रममा सभापति गगन थापा पनि सहभागी हुनेछन्।

प्रतिज्ञापत्रका बारेमा देशविदेशबाट प्रश्न लिँदै सभापति थापाबाटै जवाफ दिने कार्यक्रम तय भएको प्रवक्ता देवराज चालिसेले बताए।

'ठुलो एलइडी स्क्रिनमार्फत् प्रतिज्ञापत्रको संक्षेपमा जानकारी गराइनेछ।'- उनले भने। प्रविधिको प्रयोग गरेर संसारभरिबाट प्रत्यक्ष रूपमा प्रश्न सोध्न सकिने र त्यसमा प्रत्यक्ष रूपमा सभापतिले जवाफ दिने व्यवस्था गर्न लागिएको प्रवक्ता चालिसेले जानकारी दिए।

थापाले अब नकाब लगाएर कसैले पनि सिंहदरबार जलाउने नपाउने बताएका छन्।सभापति थापाले भदौ २३ मा जसरी युवा पनि राज्यको गोलीले नमारिने प्रतिज्ञा गरे।

'अब प्रश्न गर्दैगर्दा कुनै युवक भाद्र २३ को जस्तो राज्यको गोलीबाट मारिनुपर्दैन्, यो हाम्रो प्रतिज्ञा हो,' गगनले भने-'अब कसैले नकाब लगाएर सिंहदरबार जलाउन पाउँदैन, यो हाम्रो प्रतिज्ञा हो, हामी यस्तो नेपाल बनाउन चाहन्छौं।'

भदौ २३ र २४ गते सडकमा आएका युवाको भावना कांग्रेसले सम्बोधन गर्ने उनले बताए। 'ती हाम्रै भाइभतिजा हुन्, जेनजी भनेको कहीँबाट आएको होइन हाम्रै हो,' उनले भने-'तिनले हामीलाई इन्कार गरेको होइन, हाम्रो शैली बदल भनेको हो।'

## घरदैलोमा पुगेर मतदाताका सुझाव लिँदै पौडेल



बुटवल। एमाले उपाध्यक्ष एवं रुपन्देही क्षेत्र नम्बर २ का उम्मेदवार विष्णु पौडेलले सैनामैना नगरपालिकाअन्तर्गत विभिन्न वडाहरुमा टोलभेला गर्दै मतदाताका गुनासो सुनेका छन्। त्यसक्रममा मतदाताले राखेका सुझाव र गुनासालाई आफूले सम्बोधन गर्ने प्रतिबद्धता पनि पौडेलले व्यक्त गरेका छन्। उनले बुधबार करिव एक दर्जन स्थानमा विभिन्न टोल भेलामार्फत् मतदाताको गुनासो सुनेका थिए।

उनले बुधबार सैनामैनास्थित पर्रोहा बोलबम धाममा दर्शन गरेर प्रचार अभियानको सुरुवात गरेका थिए। त्यसपछि विभिन्न टोलमा घरदैलो तथा टोल भेला आयोजना गरिएको थियो।

भेटघाटका क्रममा पौडेलले अव्यवस्थित बसोबासी र भूमिहीन सुकुम्बासीको समस्या समाधान अन्तिम चरणमा पुग्दा विभिन्न अवरोध खडा गरिएको गुनासो गरे। "समाधानको चरणमा पुगेका कामलाई रोक्ने उद्देश्यले नयाँ सरकारले आयोग खारेज गऱ्यो, त्यसको विरोधमा मुद्दा परेपछि सर्वोच्चले उक्त निर्णय बदर गरेपछि अब काम अगाडि बढ्ने देखिएको छ, अब त्यसलाई निष्कर्षमा पुऱ्याइनेछ।"-उनले भने।

आफ्नो पहलमा सैनामैनामा प्राकृतिक चिकित्सालय, पर्रोहा परमेश्वर बोलबध धामको पुनर्निर्माण, सैनामैना चक्रपथ, नगर अस्पताल, ज्येष्ठ नागरिक मिलन केन्द्र तथा सामुदायिक विद्यालयका भवन निर्माण सम्पन्न भएको उनले स्मरण गराए। विद्यालयहरूमा आधुनिक प्रयोगशाला स्थापना गरिएको र प्रदेशस्तरीय फोहरमैला प्रशोधन केन्द्र निर्माण प्रक्रिया पनि आफ्नो नेतृत्वमा अघि बढाइएको उनले बताए।

त्यसैगरी, सैनामैना-३ गंगानगरको लामीरह क्षेत्रमा बहुउद्देश्यीय जलाशययुक्त बाँध निर्माणका लागि वातावरणीय अध्ययन सम्पन्न भइसकेको र चाँडै ठेक्का प्रक्रिया अगाडि बढ्ने उनले जानकारी दिए। वन संरक्षण, हरियाली प्रवर्द्धन, वन अनुसन्धान केन्द्र विकास तथा आयआर्जन वृद्धि कार्यक्रमलाई प्राथमिकतामा राखिने उनले बताए।

उनले भेटघाटका क्रममा मतदाताहरूले सडक स्तरोन्नति, सिँचाइ विस्तार, युवाका लागि रोजगारी सिर्जना र खानेपानी व्यवस्थापनलाई प्राथमिकतामा राख्न सुझाव दिएका थिए। स्थानीयले सुरु भएका विकास योजनालाई निरन्तरता दिन र अधुरा काम समयमै सम्पन्न गर्न आग्रह गरेका छन्।

कार्यक्रममा सहभागीहरूले विगतमा सुरु गरिएका पूर्वाधार विकासका कामलाई सकारात्मक रूपमा लिँदै अब ती योजनाको प्रभावकारी कार्यान्वयन र पारदर्शितामा जोड दिनुपर्ने धारणा राखेका थिए। पौडेलले जनताका सुझावलाई आफ्नो आगामी कार्ययोजनामा समेट्ने प्रतिबद्धता व्यक्त गरे। उनले युवा र विद्यार्थीका समस्यालाई आफूले गहिरोसँग बुझेको भन्दै युवालाई उद्यम र रोजगारसँग जोड्ने र विद्यार्थीलाई गुणस्तरीय शिक्षा आफ्नै गाउँ ठाउँमा प्राप्त गर्ने गरी आफूले काम गर्ने पनि बताए।

## धनगढीमा के बोले रवि र बालेन ?



बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले सिंहदरबार बनाउने मात्रै होइन, बदल्ने बताएका छन्।

बुधबार धनगढीमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै सभापति लामिछानेले अब सबैका अलगअलग सटर बन्द गर्नुपर्ने बताए। उनले भारतमा रहेका सुदूरपश्चिमेलीलाई चुनावमा मतदानका लागि आउन आग्रह गरे। उनले आफू ससाना समस्या होइन, देशकै समस्या समाधान गर्न आएको जिकिर गरे।

उनले सुदूरपश्चिमेलीलाई मत नबाढ्न आग्रह गरे। सबै समस्या समाधान गर्नुपर्ने भएकाले रास्वपालाई नै मत दिनुपर्ने बताए।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र साह (बालेन)ले भोट माग्न नभएर काम माग्न सुदूरपश्चिम आएको बताएका छन्।

बुधबार धनगढीमा आयोजित चुनावीसभालाई सम्बोधन गर्दै साहले काम दिन आग्रह गरे। उनले छोटो सम्बोधनमा सुदूरपश्चिमलाई काठमाडौँसँग जोड्नुपर्ने बताए। त्यसका लागि रास्वपाले काम गर्ने उनको भनाइ थियो।

उनले गरिबले सहज रुपमा स्वास्थ्य उपचार गर्न पाउने नै रास्वपाको एजेन्डा रहेको बताए। तोकिएकै समयमा बाटो बन्नुपर्ने आफ्नो एजेन्डा भएको उनले सुनाए।

अन्य दलले जस्तो रास्वपाले बाटो बनाउँदा पार्टी नहेर्ने उनको भनाइ थियो। नेताहरूले नेपाललाई स्विट्जरल्यान्ड बनाउने भने पनि त्योभन्दा राम्रो सुदूरपश्चिम रहेको उनको भनाइ थियो। उनले अब सुदूरपश्चिमलाई देशसँग जोड्नुपर्ने बताए।

## देशको अस्मिता र अस्तित्व नै संकटमा : ज्ञानेन्द्र



बुटवल। पूर्वराजा ज्ञानेन्द्र शाहले देशको अस्मिता र अस्तित्व नै संकटमा परेको बताएका छन्। प्रजातन्त्र दिवसका अवसरमा बुधबार सार्वजनिक सन्देश जारी गर्दै पूर्वराजा शाहले 'देश इतिहासकै सबैभन्दा गहिरो दर्दनाक अवस्थामा आइपुगेको' उल्लेख गरेका छन्।

उनले विगतका आन्दोलनले के दियो भन्ने कुराको समीक्षा गर्नुपर्ने समय आएको पनि बताएका छन्।

'सिंगै मुलुक यतिबेला अस्वाभाविक छटपटिको भूमरिमा फसेको छ। देशको अस्मिता र अस्तित्व नै संकटमा परेको महसुस हरेक देशभक्त नेपालीले गरिरहेका छन्,' पूर्वराजा शाहले भनेका छन्-'विगतमा अनेकौं नाम र अवरणमा अनेकौं आन्दोलन र संघर्ष भए। संघर्षको आडमा परिवर्तन पनि गरिए। तर, सबै प्रकारका परिवर्तनहरूले नेपाल र नेपालीलाई के दिए भन्ने आत्मसमीक्षा गर्नुपर्ने समय आएको छ।'

पूर्वराजा शाहले हाम्रा सत्रु विपन्नता र अस्थिरता भएको उल्लेख गर्दै एक नेपालीले अर्को नेपालीलाई सत्रु ठान्ने गलत संस्कृति विकास भएकोतर्फ चिन्ता पनि जाहेर गरेका छन्।

'हाम्रो सत्रु विपन्नता र अस्थिरता हो। तर, एउटा नेपालीको बैरी अर्को नेपाललाई ठान्ने अवाञ्छित संस्कृतिलाई हामीले बढावा दिएका छौं। जसका कारण देश आज इतिहासकै सबैभन्दा गहिरो दर्दनाक स्थितिमा आइपुगेको छ।'-उनको भनाइ छ। यस्तै, उनले पूर्वी नेपालबाट राजधानी फर्किंदा आफूप्रति दर्शाइएको स्वागत र सम्मानप्रति आभार व्यक्त गर्दै यसले आफूलाई अटल दायित्वबोध मिलेको बताएका छन्।

उनले भनेका छन्-'मुलुक असामान्य अवस्थाबाट गुज्रिरहेको वर्तमान अवस्थामा हामीप्रति दर्शाएको त्यस्तो प्रेम र सद्भावले हाम्रा मन र मुटुलाई मात्रै छोएको नभइ हाम्रा लागि एउटा अटल दायित्वबोधको प्रेरणा पनि मिलेको छ।'

पूर्वराजा शाहले कठिन परिस्थितिमा परेको आजको मुलुकमा परस्पर घृणा र द्वन्द्वको राजनीतिमा पूर्णबिराम लगाउँदै परस्पर सद्भाव र एकताको राजनीति गर्न पनि सबैसँग आग्रह गरेका छन्।

उनले राष्ट्रिय सहमति गरेर चुनाव गर्नुपर्नेमा द्वन्द्वलाई यथावत् राखेर चुनावमा जान लागिएको भन्दै असन्तुष्टि समेत व्यक्त गरे।



## सम्पादकीय

# कहाँ गयो कृषिको लगानी ?

राष्ट्रिय कृषि गणना–२०७८ का अनुसार, लुम्बिनी प्रदेशमा ६७ प्रतिशत घरपरिवारको मुख्य पेशा कृषि रहेको छ । नेपालमा कुल घर परिवारमध्ये ६२ प्रतिशतको मुख्य पेशा कृषि हो । जनसंख्याको ठूलो हिस्सा कृषिमा आश्रित रहेको र त्यसको व्यवसायिक विकासका लागि राज्यले ठूलो लगानी गरे पनि अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन । कहाँ गयो राज्यले गरेको लगानी ? लगानीअनुसारको प्रतिफल किन प्राप्त हुन सकेन् ? यो विषयको खोजी हुन आवश्यक छ ।

कृषिमा एकीकृत तथ्याङ्क प्रणालीको अभावमा राज्यस्रोतको दोहोरोपनाको उपभोग गर्ने वर्ग एकातिर छँदैछ, अर्कोतिर राज्यस्रोतको पहुँच नपुग्ने वर्ग सधैँ निराश भएको छ । मुलुक संघीय शासन प्रणालीमा गइसकेपछि कृषि तहगत सरकारको साझा अधिकारको विषय हो । तहगत सरकारले कृषिमा अनुदान, उपकरण, मलबिउ खरिद गरी वितरण गरिरहेका छन् । तहगत सरकारले वितरण गर्ने अनुदान, उपकरण र मलबिउमा दोहोरोपना आएको छैन, भन्ने ग्यारेण्टी छैन । एकीकृत तथ्याङ्क प्रणाली व्यवस्थापनमा ध्यान दिएको भए तहगत सरकारले गरेको लगानीको प्रतिफल पाउन सम्भव हुन्थ्यो । अहिले स्थानीय तहबाट अनुदान लिने किसानले प्रदेश र संघबाट पनि लिएको छ, प्रदेशबाट लिनेले स्थानीय तहबाट पनि लिएको छ । कसैले कतैबाट पनि पाएको छैन । एउटै टोलको एउटा किसानले दुईभन्दा बढी सरकारबाट अनुदान पाएको र अर्को किसान अनुदानबाट वञ्चित रहेको घटनाले समाजमा निराशा र आक्रोश बढाउनु अस्वभाविक होइन । कृषि अनुदान, औजार र मल बिउमा किसानको पहुँच बढाउन र मनपरी रोक्न एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली व्यवस्थापनमा ढिलाइ गर्न हुन्न ।

एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणालीको विकास गर्न सक्दा तहगत सरकारले सूचना प्रविधिको प्रयोग गरी उपभोग गर्न सक्छन् । यो तथ्याङ्क प्रणालीबाट अनुदान, मलबिउ र औजार वितरण पनि पारदर्शी हुन्छ । कर्मचारीसँगको मिलेमतोमा टाठाबाठा किसानको मात्र पहुँच हुन्न । नेपालमा २०७८ सालमा कृषि गणना भयो । यो गणनाबाट प्राप्त तथ्याङ्कप्रति सरकारी निकाय नै प्रश्न गरिररहेका छन् । गणनाबाट प्राप्त तथ्याङ्क यथार्थपरक र वस्तुवादीभन्दा अनुमानित जस्तो भएको टिप्पणी हुँदै आएको छ । कृषि गणनामा आवश्यक समेटिनुपर्ने विषयवस्तु के-के हुन् ? कृषि गणनाका लागि कस्तो खालको जनशक्ति आवश्यक पर्छ ? भन्ने विषयलाई ख्याल गरेर कृषि गणना गर्न आवश्यक छ । कृषि गणनालाई केवल औपचारिकतामा सीमित गर्न हुन्न ।

अहिले तथ्याङ्क व्यवस्थापन प्रणाली व्यवस्थित गर्न सहज छ । डिजिटल नेपाल बनाउने लक्ष्यअनुसार काम भइरहेकोले सूचना प्रविधिको प्रयोग गरी तथ्याङ्क प्रणालीलाई भरपर्दो र विश्वसनीय बनाउन आवश्यक छ । कृषिमा अपेक्षित नतिजा निकालेर युवालाई कृषिमै टिकाउने हो भने एकीकृत तथ्याङ्क प्रणाली व्यवस्थापन गर्न ढिलाइ गर्न हुन्न । अनुदान, औजार, मलबिउ पाउने किसानको तथ्याङ्क रहने र सहजै हेर्न मिल्ने भएकाले तहगत सरकारका काम पारदर्शी हुन्छन् । सरकारका काम पारदर्शी हुँदा सरकारप्रति विश्वास बढ्छ । सरकार जवाफदेही जति धेरै हुन्छ, नागरिकको भरोसा बढ्दा लोकतान्त्रिक प्रणाली बलियो हुन्छ ।

# मतदाताको विवेकमा भरपर्छ राजनीतिक स्थायित्व



सुन्दर शर्मा

पुराना या नयाँ जुनसुकै दलका भए पनि जनताको सुख-दुःखमा साथ दिने, देशको माटोलाई माया गर्ने, अनुशासित र नैतिकवान व्यक्तिलाई मतदान गर्नुहोला ।

वर्तमानसम्म आइपुग्दा हाम्रो देश व्यवस्था परिवर्तनको प्रयोगशाला बन्दै आएको अनुभूति हुन्छ। २००७ सालदेखि हालैको जेन-जी आन्दोलनसम्मको दृश्य हेर्दा हामी कुनै न कुनै नाममा व्यवस्था परिवर्तनको आन्दोलन गरिरहेका छौँ, लडिरहेका छौँ, मरिरहेका छौँ । कुनै न कुनै दिन त देशमा परिवर्तन हुनेछ र विकासको मुल फुट्नेछ भन्ने कुरामा हामीजस्ता तमाम नेपाली आशावादी छौँ । कुनै पनि व्यवस्था आफैँमा नराम्रोचाहिँ पक्कै हुँदैन । सञ्चालकको सक्षमता दूरदर्शितामा भर पर्छ राम्रो र नराम्रो भन्ने । हरेक आन्दोलनको चाहना हुन्छ - नयाँ नेपालको निर्माण, तर टुङ्गिन्छ पुरानैको निरन्तरतामा । यो हाम्रो दुर्भाग्य हो । राजतन्त्रको विकल्पमा गणतन्त्र आउँदा केही नयाँ होला भन्ने थियो, तर यो संघीयताको क्रियाकलापले जनतामा असन्तुष्टि यति बढेर आयो कि जनता स्वतःस्फूर्त विद्रोहमा निस्कन बाध्य भए ।

त्यसैले व्यवस्था परिवर्तन गरेर मात्रै नहुँदोरहेछ। नेतृत्व र विचारको परिवर्तन आवश्यक हुँदोरहेछ । देशमा विभिन्न वाद, औपचारिक लोकतन्त्र, गणतन्त्र आदि आदि भएर के गर्नु, राजनीतिक दलसँग विभिन्न वर्गका जनतालाई रचनात्मक रुपमा राज्यसङ्ग जोड्ने र महसूस हुने कुनै कार्यक्रम नभएपछि युवामा आक्रोश फैलनु स्वाभाविक हो। तमाम युवाहरूले जीवीकोपार्जनको उपाय नदेखेपछि निराशालाई विद्रोहमा परिवर्तन गर्नु पनि स्वाभाविक हो ।

अब लागौँ आसन्न आमनिर्वाचनतर्फ आमनिर्वाचन नजिकिँदैछ । 'नयाँ कि पुराना दल ?' भन्ने बहस मिडियामा, अझ भनौँ सामाजिक सञ्जालमा बाक्लै देखिन्छ/सुनिन्छ । मतदान गर्ने जिम्मेवारीसँगै कस्तो व्यक्तिलाई मतदान गर्ने भन्ने चेतना हुनु पनि उत्तिकै आवश्यक छ । किनकि, प्रत्येक मत मूल्यवान हुन्छ। नेताहरूको सत्तालिप्सा, नेता-कर्मचारीले गर्दैआएका भ्रष्टाचार र दण्डहीनताको अवस्थाले युवापङ्क्तिमा नैराश्यता देखिएको छ । भ्रष्टाचारविरुद्धको सङ्घर्ष, नेतृत्व परिवर्तन जस्ता कुरामा डटेर आवाज उठाउन सक्ने र काम गर्छु भन्ने व्यक्ति छान्नु जरुरी छ। ध्यान दिनुपर्ने कुरा के भने, सबै पुराना चिज नराम्रो हुँदैन । पुराना कला-संस्कृति, पुरानो सभ्यता, पुरानो नाता-सम्बन्ध, पुराना साथी, बुढापाका र पुराना पार्टी । यी सबैलाई नराम्रो भन्दै फ्याँक्न कहाँ मिल्छ र ?

मेरी आमाको एउटा प्रसङ्ग उल्लेख गर्न चाहन्छु । उहिल्यै मेरी आमाले कासपित्तलका पुराना ठुला-ठुला ओजनदार थालसँग स्टिलका साना थाल (प्लेट) साटेको आफ्नै आँखाले देखेकी छु । ओजनदार बाक्ला बडेमानका कासका कसौँडीसँग कुकर साटेको पनि यिनै आँखाले देखेको हो । त्यो बेला मेरी आमाले पुरानो कासपित्तलको महत्त्व र मूल्य बुझ्न सक्नुभएन । चमकदार स्टिलका प्लेट र गिल्टीका कुकरमा आकर्षित हुनुभयो । ठिक त्यस्तै देखिँदैछ वर्तमानको राजनीतिक परिस्थिति । पुराना दल र नेता सबै खराब, नयाँ दलका जति सबै चम्किलो सुर्य झैँ ! हो यही कुरामा हो हामी मतदाताले विवेक प्रयोग गर्ने । मेरी आमाझैँ मतदाता झुक्किनु नपरोस् भनेर पङ्क्तिकारले सजक गराएको मात्र हो ।

यसो भन्दैगर्दा युवाहरू राजनीतिमा आउनु हुँदैन, नयाँ दल खोल्नु हुँदैन भन्न खोजेको होइन । तर युवाहरू पनि केही सिकेर, भोगेर, माझिएर, खारिएर परिपक्व भएर आउनु पर्‍यो नि । हावा तालमा २-४ सयले ताली पिटेको भरमा हाहा र हुहु गर्दै राजनीतिमा पाइला राख्दा स्थायित्व हुने कुरै होइन । राजनीतिक अनुभव बटुल्न पनि त केही समय लाग्छ नै ।

नयाँ दल र वैकल्पिक शक्तिको नाममा केही थान यस्ता ब्यक्तिहरू अहिले जुर्मुराइरहेका छन् । हाम्रो धर्म र संस्कृति, हाम्रो सभ्यता र पहिचान, भाइचाराको आपसी सम्बन्ध, टोल-समाज, नाता-कुटुम्ब आदि सबै क्षणभरमै तहसनहस गराउन सक्रिय छन् । विदेशीले उचालेको भरमा कहाँ हुन्छ राजनीति ? विदेशीले तिम्रो मायाले उचालेका होइनन् । आफ्नो स्वार्थपूर्तिका लागि मात्रै प्रयोग गरेका हुन् । यी र यस्ता कुरा बुझ्न विवेक प्रयोग गर्नु जरुरी छ ।

देश बनाउन राजनीति गर्नेले उमेरलाई बाधक बनाउनु हुँदैन । काम गर्न उमेर होइन - अनुशासन, सहनशीलता, दूरदर्शिता र माटोको माया चाहिन्छ । जनतासङ्ग अङ्गालोमा बाँधिनसक्ने ममता चाहिन्छ । नयाँ र वैकल्पिक शक्ति हौँ भन्नेका लागि पनि सन्देश स्पष्ट छ- सडकको भीडलाई मतपेटिकासङ्ग जोड्न सकेमात्रै परिवर्तन आउने हो, हाहा र हुहु गरेर पुरानो प्रणाली हल्लिने मात्र हो उखेलिने छैन !

जेन-जी आन्दोलन भनेको सम्पुर्ण राजनीतिक शक्तिलाई जवाफदेही बनाउने एक सशक्त आवाज हो । यो आवाज दलहरूको लागि भिटामिन बनोस् । सबै दलहरू परिवर्तित भएर परिवर्तनलाई नैतिक रुपमा आत्मसात गर्दै चुनावी प्रतिस्पर्धामा जानसक्ने अचुक ओखती बनोस् जेनजी आवाज ।

भिडको विवेक हुँदैन भन्ने कुरा साँचो रहेछ । यही कारण हाम्रो महत्त्वपूर्ण धरोहर राष्ट्रिय सम्पत्ति नष्ट हुन पुगे । त्यसैले भन्छु मतदातामा विवेकीय क्षमता हुनैपर्छ । सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत जस्ता हाम्रा राष्ट्रिय सम्पत्ति किन र केका लागि जलाइयो । जलाउने समूह कुन दलमा आवद्ध छन् - यो कुरा मनन गरौँ । जसले धेरैभन्दा धेरै अराजकता र विध्वंश मच्चाउन सक्छ उसैलाई मतदान गरी सत्ता सुम्पने हो भने भोलिका दिनमा न देश रहनेछ न त हामी स्वतन्त्र रहन पाउनेछौँ । जुन दलको दलिय सिद्धान्त, कार्ययोजना, दृष्टिकोण के हो भन्ने थाहै छैन, न कुनै पृष्ठभूमि छ न कुनै जनसम्पर्क, न त माटोकै माया छ । यस्तालाई मतदान गर्‍यौं भने पछुताउनु बाहेक केही हुँदैन ।

पुराना दल खराब भए/थिए, यो कुरा सत्य हो । तर, यति खराब पनि थिएनन् कि जसले आफ्नै देशको बहुमुल्य सम्पत्ति, देशको धरोहरलाई जलाएर नष्ट गर्न सकुन् । तिनै देश जलाउने अराजक तत्वहरूको अहिले बिगबिगी देखिन्छ । नेपालको सार्वभौमिकता र राष्ट्रिय एकताको अस्तित्व नै बिसर्जन गराउनेतर्फ ती तत्व अग्रसर देखिन्छन् ।

केवल डिजिटल लोकप्रियता र भावनाले निर्वाचन जितिँदैन । निर्वाचन जित्न साङ्गठनिक संरचना चाहिन्छ । जनताको प्रत्यक्ष सरोकार चाहिन्छ । लोकप्रियतालेमात्रै जितिने भए ७५ लाख फ्लोअर्स भएकी लोकप्रिय तास्निम जाराले बङ्गलादेशमा हार्ने थिइनन् होला ।

पुराना दलमा केही थान भ्रष्ट र नालायक व्यक्तिका कारण सिङ्गो पार्टीलाई बदनाम गर्नु ठिक होइन । पुरै पार्टीलाई खराब देख्नु दृष्टिदोष मात्रै हो । अझै पनि पुराना ठुला पार्टीमा सम्भावना बोकेका तमाम नेता छन् । देश बनाउने भिजन बोकेका, कुनै दाग नलागेका, विभिन्न अवसरबाट वञ्चित, सक्षम कैयौँ नेता छन् अझै पुराना पार्टीमा । त्यसैले पुरानाको विकल्प नयाँ होइन कि देश र माटोको माया गर्नेलाई मतदान गरौँ ।

देशमा विकास हुँदैभएन भन्नेलाई हिमालपारिको जिल्ला भनेर चिनिने मनाङ र मुस्ताङको यात्रा गर्न सुझाव दिन्छु । मोटरसाइकलमा अपर मुस्ताङको यात्रा बेफिक्री गर्न पाउनु विकास नभए के हो त ? पूर्वदेखि सुदूरपश्चिमसम्म चिल्ला सडकमा यात्रा गर्दा विकासको महसूस कत्ति पनि हुँदैन र ? हिजोसम्म कल्पनासम्म गर्न नसकिने ग्रामीण क्षेत्रका बाँदर कुद्ने भीरपाखा छिचोल्दै बनेका चिल्ला बाटोले विकासको छनक दिँदैन र ? टुकीको उज्यालोमा भविष्य देख्ने बानी परेका हामीजस्ता आम नागरिकको घर-घरमा बिजुली पुगेको छ । इन्टरनेटको पहुँचले संसारको कुनै पनि कुनाबाट आफ्नो घर-परिवारसँग गफिन पाउनु यो विकास नभए के हो त ? छिनभरमा विदेशबाट पैसा हातमा आउँछ, यसलाइ विकास भन्न पाइँदैन भने के भन्ने त ?

विकास भाको छैन भनेर भ्रम फैलाउने तत्वहरू एक पटक पुरै नेपाल घुमेर आउ अनि बल्ल थाहा हुन्छ तथ्य कुरा । हो, भनेजति र हामीले चाहेजति पक्कै भाको छैन । हाम्रो गरिब मुलुकलाई अमेरिका र युरोपसङ्ग दाँजेर हेर्न मिल्दैन । श्रोत र साधनको कमीले पनि चाहेजति हुन नसकेको पक्कै हो । नेपालमा विकास नभाको चाहिँ होइन । प्रशस्त भा'को छ । राम्रोलाई राम्रो भन्न नसक्ने सङ्कुचित मानसिकताको कारणले विकास देख्न नसकेको मात्र हो । यो विकास पनि यिनै पुराना भनिएका दलले गरेका हुन् । नयाँले त भएको संरचना भत्काउने र आगजनी गर्ने हुन् । पुरानाले देश बिगारे भनेर भ्रम छर्नेले नै आखिरमा देश जलाएर खरानी बनाए ।

अन्त्यमा, पुराना या नयाँ जुनसुकै दलका भए पनि जनताको सुख-दुःखमा साथ दिने, देशको माटोलाई माया गर्ने, अनुशासित र नैतिकवान व्यक्तिलाई मतदान गर्नुहोला । जय नेपाल ।

घटना र विचारबाट

# आज प्रजातन्त्र दिवस

जहानियाँ हुकुमी शासन अन्त्य भएको दिन हो, आज । राणा शासकहरूको १०४ वर्ष लामो वंशीय, निरङ्कुश र हुकुमी शासनलाई बिदा गरी मुलुकमा 'प्रजातन्त्रको दियो' बालिएको थियो, २००७ फागुन ७ का दिन ।

त्यही कारण हामी यो दिनलाई 'राष्ट्रिय प्रजातन्त्र दिवस' मान्ने गर्छौं । राणाहरूको वंशीय तन्त्र होइन कि 'प्रजा'हरकै 'तन्त्र'मा शासन चल्छ भन्ने उद्घोषसहित आजकै दिन मुलुकमा 'प्रजातन्त्र' छाएको थियो ।

प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयका छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरबार स्क्वायर जस्ता क्षेत्र एवं घरघरमा दीप प्रज्ज्वलन गरिनेछ ।

यस्तै सबै जिल्लाहरूमा सरकारी तथा गैरसरकारी संस्थाको सहयोगमा रक्तदान कार्यक्रम सञ्चालन गर्ने, जिल्लास्तरमा फरक क्षमता भएका विद्यार्थीले अध्ययन गर्ने विद्यालयमा उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने कार्यक्रम सञ्चालन गर्ने सरकारको निर्णय छ ।

विगतमा यो दिनको बेग्लै महत्त्व थियो । २०६३ बैशाखमा लोकतन्त्र स्थापनासँगै यो दिन ओझेलमा परेको हो । अब 'प्रजातन्त्र'को ठाउँमा 'लोकतन्त्र'ले ठाउँ थियो । बिस्तारै बोलीचालीमा 'प्रजातन्त्र' शब्द हराउँदै गएको छ र त्यो 'लोकतन्त्र'ले लिएको हो । शब्द फेरिए पनि शासकीय वृत्त अझै लोकतन्त्रसँग अभ्यस्त छैन, तिनका क्रियाकलापमा राणा शाहीकै धङधडी नियमित छ ।

तर, यो दिन नेपालको राजनीतिक र शासकीय इतिहासमा प्रजातन्त्रको बेग्लै महत्त्व छ । २००७ मा नेपाली काँग्रेसको नेतृत्वमा भएको सशस्त्र क्रान्तिलाई राजा त्रिभुवनले साथ दिएपछि मुलुकमा प्रजातान्त्रिक शासन व्यवस्था स्थापना गर्न सजिलो भएको थियो । यदि राजाले साथ नदिएको भए प्रजातन्त्र स्थापना अझै समय लिने थियो होला ।

**कोतपर्व निम्त्याएको वंशीय शासन**

त्यो कालखण्डमा दरबार र शासन व्यवस्थामा छल-कपट र षड्यन्त्र खुब चल्थ्यो । अझ शासनको आधार 'षड्यन्त्र'लाई ठानिन्थ्यो । दरबारभित्रको शक्तिशाली हुने भन्ने खेलमा १९०३ भदौ ३१ का दिन जनरल गगनसिंह भण्डारीको हत्या हुन पुग्यो ।




त्यसपछि दरबारमा बदलाको खेल चल्यो । रातको समयमा दरबारभित्र भाइ भारदार बोलाइए । हत्याको खोजमा भाइभारदारबिच काटमार चल्यो । जुन नेपालको रक्तरन्जित इतिहासमा कोतपर्वले चिनिन्छ । शक्तिशाली भारदारहरू काटिए र मारिएपछि जङ्गबहादुर कुँवर शक्तिशाली भए । त्यसपछि उनले राजालाई आफ्नो शक्तिभित्र परी शासन भार हत्याउन सफल भएका हुन् ।

त्यो बीभत्स पर्वपछि दरबार शक्तिहीन बन्यो । त्यसपछि राजा सुरेन्द्र वीरविक्रम शाहले १९०३ मा आफ्नु र आफ्ना उत्तराधिकारीको तर्फबाट मुलुकको शासन भार श्री ३ महाराज जङ्गबहादुर कुँवर'लाई सुम्पिन बाध्य भए । त्यसपछि जङबहादुरले आफूलाई शक्तिशाली देखाउन 'कुँवर'बाट श्री ३ महाराज र 'राणा' लेख्न थाले । सामान्य सैन्यबाट शाही घरानामा उक्लिएको अनुभूति दिलाउनकै खातिरमा 'राणा' थर भित्रिएको हो । सँगै मुलुकको शासन भार भाइ-छोरामा सीमित गराएका थिए ।

जङ्गबहादुर राणाले सूत्रपात गरेको 'जहानियाँ एकतन्त्रीय शासन' १ सय ४ वर्ष चल्यो । त्यो कालखण्डमा कार्यकारिणी, विधायिका तथा न्यायपालिकाका हरेक अधिकार राणामा मात्र निहित थियो । अधिकार र राज्य स्रोत राष्ट्रिय हितभन्दा राणा हितका निम्ति प्रयोग हुन्थ्यो । राज्य सञ्चालन शैली स्वेच्छाचारी र परिवारमुखी थियो ।

**नेपाली प्रजातन्त्रको पृष्ठभूमि**

राणा शासनसँगै एक पछि अर्का राजाहरू पनि 'खोपी'मा सीमित भए, अर्थात् अधिकारविहीन थिए । राजा त्रिभुवनले 'प्रजा' अर्थात् जनतासँग मिलेपछि प्रजातन्त्र स्थापना भएको हो । राणाहरूबाट मुक्तिका निम्ति २००७ कात्तिकमा राजा त्रिभुवन भारत गएका थिए । एकातिर नेपाली काँग्रेसको नेतृत्वमा चलेको सशस्त्र क्रान्तिले उग्र रूप लिएपछि अन्तिम राणा शासक मोहन शमशेर घुँडा टेकेपछि प्रजातन्त्रको उदय भएको हो ।

राजा त्रिभुवन त्रिभुवनबाट राणा शासकबाट शासकीय अख्तियार फिर्ता लिँदै २००७ फागुन ७ का दिन शाही घोषणा आयो, 'हाम्रा प्रजाको शासन अब उप्रान्त निजहरूको निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकाले ' भन्दै प्रजातन्त्र घोषणा गरिएको थियो ।

विधान तयार नभएसम्म राणा र काँग्रेस सम्मिलित मन्त्रिपरिषद् बन्यो । राज्यको शासन गर्ने अधिकार मन्त्रिपरिषद्लाई दिइयो । उति बेला आएको प्रजातन्त्र नेपालीहरूको पोल्टाबाट फेरि २०१७ पुस १ मा खोसिएको इतिहास जीवितै छ । पञ्चायतविरुद्ध निरन्तर आन्दोलन चलिरह्यो र २०३६ मा जनमत सङ्ग्रह गर्न पञ्चायती शासक बाध्य भयो । तर जनमत सङ्ग्रहमा व्यापक धाँधली गरी नागरिकको मत र आवाज दबाउने शृंखला नियमित रह्यो । तर, नेपाली नागरिकले प्रजातन्त्र निर्बाध भोग गर्न पाएनन् । ३० वर्षे पञ्चायती व्यवस्था पनि राणा शाही जस्तै थियो । २०४६ चैत २६ को मध्यरातमा दलमाथि लागेको प्रतिबन्ध हटेसँगै मुलुकमा बहुदलीय प्रजातन्त्र अनि संवैधानिक राजतन्त्रतिर मुलुक गएको हो । फेरि २०४६ मा प्रजातन्त्र स्थापना भयो, त्यसमा पनि २०६१ माघ-१९ प्रकरणसँगै प्रजातान्त्रिक अधिकार दरबारले खोस्यो । संसदीय प्रजातन्त्रले स्थायित्व नपाउँदै सशस्त्र द्वन्द्व, दोस्रो जनआन्दोलन हुँदै २०६२ चैत २४ बाट नियमित चलेको १९ दिने जनआन्दोलनसँगै २०६३ वैशाख ११ मा लोकतन्त्र स्थापना गर्‍यो । त्यही आन्दोलनको बलमा नेपाल आज सङ्घीय गणतान्त्रिक देशमा परिणत गर्ने ढोका खोलेको हो । शायद आज यिनै इतिहासका दस्ताबेज पल्टाउँदै नेपाली प्रजातान्त्रिक अभ्यासका प्राप्ति, प्रगति र नेपाली जनको हित मात्रलाई पनि नियाल्ने दिन हो ।

यो प्रजातन्त्रले सही प्रयोग गर्न सक्ने हातहरु पाओस् । गरिखाने माहौल देओस् अनि नेपालीहरूको पिडा यो प्रजातन्त्रले कम गरोस् । नेपाली हुनुको एक मात्र पहिचान अनि राष्ट्रियताको डोरभित्रको मीठो, समान अनि प्रगतिशील प्रजातन्त्रको अनुभव गर्न पाइयोस् ।

# नेपाली क्रिकेटले फर्काएको मुस्कान



काठमाडौँ । 'बाह्र वर्षमा खोला पनि फर्कन्छ' भन्ने उखानजस्तै नेपाली क्रिकेट टिमले १२ वर्षपछि पहिलोपटक विश्वकपको खेलमा ऐतिहासिक जित हासिल गर्दै उदाउँदो नेपाल क्रिकेट मुलुक भएको पुष्टि गरेको छ ।

नेपालले सन् २०१४ मा पुरुष 'टि ट्वान्टी' विश्वकपमा पहिलो पटकको सहभागिता जनाएको बेलानै हङकङ तथा अफगानिस्तानलाई पराजित गर्न सफल भएको थियो । सन् २०२४ को विश्वकपमा कुनै जित हात पार्न नसकेको नेपालले यसपालि भारत तथा श्रीलङ्कामा जारी रहेको 'टि ट्वान्टी' पुरुष विश्वकपका तीन खेलमा पराजित भई प्रतियोगिताबाट बाहिरिसकेपछि सम्पूर्ण नेपाली टिमका साथै समर्थकहरु स्तब्ध भइसकेका थिए । उज्यालो अनुहार कसैको थिएन तर मङ्गलबार मुम्बईस्थित वानखेडे रङ्गशालामा आयोजित अन्तिम नेपालको सान्त्वना जित भएको हेर्न पाइन्छ कि भन्ने झिनो आशा बोकेर उपस्थित भएका समर्थकहरुले स्कटल्याण्डविरुद्ध सात विकेटको विजयपछि खेलाडीहरुले गुमाइसकेको आत्मसम्मान पुनः फर्काएको महसुस गरेका छन् । उक्त खेलको प्रारम्भमा प्रतियोगिताबाट बाहिरिसकेको अर्को टिम स्कटल्याण्ड हाबी भएता पनि नेपालले पाँच ओभरमा छ विकेट लिएपछि खेल लयमा फर्किएको थियो ।

नेपालका तर्फबाट तीन पटक विश्वकप खेलेका सोमपाल कामीले अन्तिम खेलमा लिएको सर्वाधिक तीन विकेटले नेपाललाई जितको भागीदार बनाउन महत्वपूर्ण योगदान गऱ्यो । यस्तै नन्दन यादवले दुई तथा कप्तान रोहित पौडेल, कुशल भुर्तेलले एक एक विकेट लिँदै खेलमा सानदार पुनरागमन गरेका थिए ।

यसैगरी स्कटल्याण्डविरुद्धको खेलमा विष्फोटक ब्याटिङ गरेर मुलुककै लागि पहिलोपटक 'म्यान अफ दि म्याच' पुरस्कार प्राप्त गरेका दीपेन्द्रसिंह ऐरीको कीर्तिमानी रनले मुलुकलाई ऐतिहासिक जित दिलाउन उत्कृष्ट योगदान दिएको थियो । उनले मङ्गलबार २३ बलमा ५० रन बनाई यसपटकको विश्वकपमा दोस्रोपटक अर्धशतक बनाउने नेपाली कीर्तिमानी खेलाडी बन्न सफल हुनु मुलुककै क्रिकेट इतिहासको महत्वपूर्ण उपलब्धि मानएको छ । यसअघि वेष्ट इण्डिजसँगको खेलमा पनि उपकप्तान दीपेन्द्रसिंह ऐरीले अर्धशतक बनाएर नेपालको यसअघि रहेको कीर्तिमान तोड्न सफल भएका थिए । सन् २०१४ मा नेपालका तर्फबाट सुभाष खकुरेलले ५६ रन बनाई विश्वकपमा पहिलो नेपाली अर्धशतकको कीर्तिमान कायम गरेका थिए । दिपेन्द्रले भने ४४ बलमा ५८ रन बनाएर अघिल्लो कीर्तिमान तोडेका नेपाली क्रिकेट प्रेमीहरुलाई उत्साहित बनाएका थिए ।

हारैहारपछि प्राप्त भएको जितले नेपाली टिममाथि अत्यधिक मात्रामा भइरहेको आलोचना कम गर्न केही हदसम्म भए पनि कम भएको महसुस गरिएको छ । यसपटकको विश्वकपको अनुभवले नेपालको किक्रेटलाई समयोचित लयमा अघि बढाउन विशेष अभियान नै चलाउनुपर्ने अवस्था सिर्जना भएको छ । मुलुकको प्रतिष्ठासँग गासिएको विश्वकपजस्तो उच्चस्तरीय प्रतियोगितामा नेपालको लगातार लज्जाजनक हार भएपछि अब नेपाल सरकारकै नेतृत्वमा विश्वकपसम्मको यो महत्वपूर्ण यात्रालाई अझ फराकिलो रुपमा निरन्तर अघि बढाउन प्रमुख प्राथमिकता दिनुपर्ने आवश्यकता महसुस गरिएको छ ।

तेस्रो पटक विश्वकपमा प्रवेश पाएको नेपाली टिम यसपालि पहिलोपटक सुपर आठमा पुग्ने लक्ष्य राख्दै मुम्बई पुगेको थियो तर सन् २०१४ पछि १२ वर्षसम्म पनि विश्वकपका कुनै पनि खेल जित्न नसकेर प्रारम्भिक चरणबाटै बाहिरिएपछि निरास भई स्वदेश फर्कने क्रममा रहेको नेपाली टिमले उत्कृष्ट प्रदर्शन गर्दै वाईल्ड कार्डमार्फत् विश्वकपमा खेलेको स्कटल्याण्डलाई हार चखाएको थियो ।

**इतिहासमै खराब प्रदर्शन**

तीन पटक विश्वकप खेलको अनुभव हासिल गरिसकेको नेपाल पहिलोपटक विश्वकपमा प्रतिस्पर्धामा उत्रेको इटालीसँग मुम्बईमा शर्मनाकले पराजित हुनु सामान्य प्रसङ्ग होइन । नेपालले खराब ब्याटिङ प्रदर्शन गर्दा विश्वकपको नयाँ प्रवेशी इटालीसँग हार ब्यहोर्नुपरेको थियो । दुईपटक विश्व विजेता भइसकेको इङ्गल्याण्डसँग चार रनको झिनो अन्तरले मात्र पराजित भएपछि नेपाली टोलीको महत्वाकांक्षा तथा अपेक्षा बढ्दै गएर 'टि ट्वान्टी' क्रिकेटमा पहिलोपटक १० विकेटले पराजित हुने अवस्थामा पुगेको थियो । नेपाल इटलीसँगको प्रतिस्पर्धामा १९.३ ओभरमा १२३ रनको सामान्य स्कोरमा अलआउट भएको थियो । नेपाली खेलाडीहरुले प्रभावशाली स्कोर बनाउन नसकेर चुनौतीपूर्ण लक्ष्य दिन नसकेपछि हार ब्यहोर्नु परेको थियो ।

इटलीले भने कुनै पनि विकेट नगुमाएर १२.४ ओभरमा ४४ बल बाँकी रहँदै लक्ष्य हासिल गरेको थियो । इटलीका ओपनर एन्थोनी र जस्टिन मोस्का दाजुभाइबिचको १२४ रनको साझेदारी विजयको प्रमुख कारक बन्न पुग्यो । मानसिक दृढता कमी भएको नेपाली टिम ब्याटिङ, बलिङ र फिल्डिङमा सुस्त प्रदर्शनको कारण हार्न पुग्यो । नेपाली खेलाडीहरुलाई जित्नै पर्ने मानसिक दबाब प्रसस्त मात्रामा परेको महसुस गरिएको थियो । नेपालको ब्याटिङ र बलिङ दुवैमा रणनितिक कार्यान्वयनको समस्या देखिएको थियो । नेपालको ब्याटिङ पतन र कम योगफलको तुलनामा इटलीको क्लिनिकल र अनुशासित बलिङले नेपाललाई सहजै पराजयको बाटोतर्फ उन्मुख गराएको थियो । त्यसपछि नेपाल वेष्ट इण्डिजसँग नौ विकेटले भएको पराजयलाई पनि नेपाली खेलप्रेमीहरुले सहज रुपमा लिन सकिरहेका छैन । उत्कष्ट लयमा रहेको वेष्ट इण्डिज नेपाललाई हराएपछि अघिल्लो चरण सुपर आठमा प्रवेश गर्न सफल भएको थियो ।

**हारेर पनि मन जित्दा**

नेपाल र इङ्गल्याण्डबिचको खेललाई नेपालले हार्दाहार्दै पनि मन जितेको खेलका रुपमा अविस्मरणीय बन्न पुग्यो । नेपालले यसपालि विश्वकपमा खेलेको उक्त पहिलो प्रतिस्पर्धामा राम्रो खेल प्रदर्शन गर्दा गर्दै पनि हार्न पुगेको प्रसङ्गलाई नेपाली क्रिकेटप्रेमीहरुले भुल्न सकेका छैनन् । दुईपटक विश्वकप जितिसकेको इङ्ल्याण्डसँग नेपाल खेलमा हारेर पनि सम्पूर्ण नेपालीको मन जित्न सफल भएको थियो । उक्त खेलमा नेपालले पूरै खेल अवधिभर क्रिकेटको जन्मदाता मुलुकलाई पूरै चुनौती दिँदादिँदै पनि चार रनको झिनो अन्तरले पराजित हुन पुगेको थियो । क्रिकेटको उदाउँदो मुलुकको रुपमा परिचय बनाउन सफल नेपाल विश्वकपमा समेत कमजोर टिम नभएको महसुस गराएको थियो ।

नेपाली समर्थकहरुले खचाखच भरिएको वानखेडे रङ्गशालामा नेपाली खेलाडी लोकेश बमले बनाएको २० बलमा ३९ रन प्रशंसनीय थियो, तर इङ्गल्याण्डका ह्यारी ब्रुक र ज्याकब बेथेलेले बनाएको अर्धशतकले खेलमा नेपाललाई हराउन उल्लेखनीय भूमिका खेल्यो । त्यसखेलमा नेपाललाई जितको बाटोमा अघि बढाएका कप्तान रोहित पौडेल र उप-कप्तान दीपेन्द्रसिंह ऐरी आउट भएपछि नेपालको प्रदर्शन सुस्त हुँदै गएको थियो । अन्तिम ओभरमा १० रन आवश्यक भएको बेला करण केसीको बलिङले बाउन्ड्री पार गर्न नसक्दा नेपाल छ रन मात्र बनाएर निराशाजनक नतिजा व्यहोर्न बाध्य भएको थियो ।

**बिर्सन कठिन समर्थन**

विश्वकप क्रिकेट हेर्न विभिन्न मुलुकका दर्शकहरु भारत तथा श्रीलङ्का पुगेका छन् । नेपालको चारवटै खेल खेलाइएको मुम्बई पुगेका नेपाली दर्शकहरुको संख्या पनि उल्लेखनीय रहेको थियो । प्रतियोगिता हेर्न नेपालबाट समेत हजारौँ दर्शक पुगेका थिए । भारतका विभिन्न स्थानका साथै विश्वका अन्य मुलुकबाट समेत नेपालीहरु मुलुकको टिमको समर्थन गर्न त्यहाँ उपस्थित भएका थिए । मुम्बईस्थित वानेखेडे रङ्गशालामा नेपालको खेल परेका दिनहरुमा देखिएको राताम्मे दृष्यले विश्वकै क्रिकेटप्रेमीहरुलाई उत्साहित बनाएको थियो ।

नेपाली राष्ट्रिय क्रिकेट टिमको रातो जर्सी लगाएर दर्शक दिर्घामा बसेका असंख्य समर्थकहरुले नेपालको पक्षमा नारा लगाउँदै रङ्गशाला गुन्जायमान गराएका थिए । विभिन्न नेपाली गीत तथा नृत्यहरुको मनमोहक प्रदर्शनले वातावरण रोचक बनाएको थियो । नेपाल तथा इङ्गल्याण्डबिच खेल भएको दिन रङ्गशालामा २० औँ हजार दर्शकको उपस्थिति रहेको थियो । भारतीय भूमिमा भारतको खेल नभएको बेलामा पनि त्यति धेरै संख्यामा दर्शकको उपस्थितिलाई देखेर नेपाली दर्शकको क्रिकेटप्रतिको मोह भन्दै टेलिभिजनको प्रत्यक्ष प्रसारणमा प्रशंसा गरिएको थियो । रङ्गशालामा प्रत्यक्ष उपस्थिति बाहेक टेलिभिजन प्रत्यक्ष प्रसारण तथा डिजिटल प्लेटफर्म माध्यमबाट विश्वभरि छरिएका लाखौँ नेपालीले खेल हेरेर क्रिकेटको बढदो लोकप्रियताप्रति ऐक्यबद्धता जनाएका थिए, तर नेपाली टिमको लगातार पराजयपछि मुम्बई पुगेका नेपाली दर्शकहरु भने निरास भएका थिए । लाखौँ रुपैयाँ खर्च गरेर विदेशी भूमिमा पुगेका नेपाली खेलप्रेमीहरुले टिमप्रति आक्रोस समेत प्रकट गरेका थिए ।

नेपालको यसपालि तीन खेलमा पराजयको मुख्य कारण टिममाथि जित्नै पर्छ भन्ने दबाब मानिएको छ । फेरि इङ्गल्याण्डसँग थोरै रनको अन्तरले पराजित भएपछि नेपाली टिमको महत्वकांक्षा बढेको तथा तद्अनुरुप मैदानमा प्रस्तुत हुन नसक्दा हार ब्यहोर्नु परेको हो । नेपालले विश्वकप प्रतियोगितामा भोगेकोजस्तो हार आगामी दिनमा दोहरिन नदिन केही महत्वपूर्ण पक्षमा सुधार गर्नु पर्ने अत्यन्त जरुरी देखिएको छ । खेलमा हार जित स्वभाविक भए तापनि योजना र तयारी बलियो बनाउँदै परिमाणमा सुधार गर्न सम्पूर्ण ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । यसका लागि सरकारबाट यथेष्ट लगानीका साथै क्रिकेटलाई उच्च प्राथमिकता दिदै समयोचित योजना बनाई कार्यान्वयनतर्फ जोड दिनुपर्ने आवश्यकता महसुस गरिएको छ ।

**सुधारको खाँचो**

नेपाली टिममा ब्याटिङ, बलिङ तथा फिल्डिङजस्ता क्षेत्रमा अझ सुधार गर्नुपर्ने देखिएको छ । खेलाडीहरुमा ब्याटिङमा स्थिरता जरुरी देखिन्छ । यसक्रममा सुरुआती विकेट जोगाउने तथा मध्य तथा अन्तिम ओभरमा रन गति कायम राख्न जोड दिनु अत्यावश्यक छ । डेथ ओभर बलिङ अझ प्रभावकारी बनाउने, क्याच, ड्रप तथा मिसफिल्ड कम गर्ने, रणनीतिक फिल्ड सेटिङमा जोड दिनुपर्छ । विपक्षी टिमको खेल शैलीको अध्ययन गर्नुका साथै खेलको बिचमा पनि रणनीति परिवर्तन गर्नसक्ने क्षमताको विकास पनि आवश्यक भएको महसुस गरिएको छ । प्रतियोगिता सञ्चालन भइरहेको मौसम तथा प्रतियोगिता भइरहेको पिच अनुसारको योजना बनाउनु पनि अत्यावश्यक देखिएको छ ।

**टिममा परिवर्तन जरूरी**

नेपाली राष्ट्रिय क्रिकेट टिममा समयानुकूल परिवर्तन गर्नु पर्ने आवश्यक देखिएको छ । खेलाडीहरुको व्यक्तिगत प्रदर्शनको उपलब्धि तथा समग्रमा सकारात्मक नतिजाका लागि खेलाडीले खेलेको भूमिकाको आधारमा राष्ट्रिय टिमका प्रत्येक सदस्यहरुको मूल्याङ्कन गरिनु जरुरी मानिएको छ । विगतको इतिहासले मात्र वर्तमान अवस्थामा उपलब्धि हासिल गर्न सकिँदैन । खेलाडीको उमेर, शारीरिक तन्दुरुस्ती, विगतको अनुभव, हालको सक्षमता तथा समग्र टिमलाई गर्नसक्ने योगदान जस्ता आधारमा खेलाडीको स्वतन्त्र रुपमा परिवर्तन गर्न मुख्य प्रशिक्षकलाई जिम्मा दिनुपर्छ । राष्ट्रिय क्रिकेट टिममा सही ढङ्गले परिवर्तन गरियो भने नेपाली क्रिकेटको भविश्य अझ उज्वल बन्न सक्ने सम्भावना देखिन्छ । राष्ट्रिय टीमको व्यवस्थापन र रणनीतिमा सुधारका साथै टिममा पनि परिवर्तन आवश्यकता भएको महसुस विश्वकपको नतिजाले देखाएको छ । टीमले निरन्तर राम्रो नतिजा दिन नसकेको अवस्थामा प्रदर्शनमा निरन्तरता ल्याउन पनि परिवर्तन आवश्यक देखिन्छ । टीममा परिवर्तन गर्दा सकारात्मक नतिजा हासिल गर्न वातावरण बन्नुका साथै अन्य प्रतिभाशाली युवा खेलाडीले पनि मौका पाउँछन्, जसले टिम अझ प्रतिस्पर्धी बन्न सक्छ ।

**मानसिक तयारीको सन्दर्भ**

कुनै पनि प्रतियोगिता खेल्न खेलाडीहरु जानुअघि उनीहरुलाई मानसिक रुपमा तयारी बनाउनु पर्दछ । उनीहरुलाई परिस्थितिअनुसार सामना गर्ने, जुनसुकै खालका दवावलाई ब्यहोर्नसक्नेजस्ताप्रशिक्षणदिईमैदानमा पठाइनुपर्छ । खेलका लागि उनीहरुलाई कुनै प्रकारको दबाब दिनुहुँदैन । खेलाडीलाई परिस्थितिअनुसार निर्णय लिन स्वतन्त्र बनाइनु आवश्यकता पर्दछ । जसरी भए पनि खेल जित्नै पर्ने, खेल जितेमा रोजगार, आकर्षक नगद पुरस्कार दिइनेजस्ता आश्वासनले खेलाडीहरुलाई खेल जित्नै पर्ने दबाब पर्न जान्छ, जसले नतिजा नकारात्मक आउनसक्ने बढी सम्भावना हुन्छ । वर्षभरिको अनवरत यात्रापछि भारत पुगेका नेपाली खेलाडीहरुमा मैदानमा भिडन्तका लागि यथेष्ट मात्रामा कमी कमजोरी देखियो, जुन लगातार हारका लागि यथेष्ट बन्न पुग्यो ।

**समस्या सामाजिक सञ्जालको**

विश्वकपमा नेपालको पराजयको अर्को नौलो कारण उजागर भएपछि नेपाली खेलप्रेमीहरुलाई अझ स्तब्ध बनाएको छ । नेपाली राष्ट्रिय क्रिकेट टिम विश्वकपको प्रारम्भिक चरणमा लगातार पराजय हुँदै गएपछि यसको प्रमुख कारणमा सामाजिक सञ्जाल पनि भएको भन्ने सम्बन्धित प्रशिक्षककै धारणा सार्वजनिक भएको थियो । अष्ट्रेलियाको प्रतिनिधित्व गरेर विश्वकप खेलिसकेका नेपालका वर्तमान मुख्य प्रशिक्षक स्टुअर्टलले नेपाल लगातार पराजित हुँदै गएपछि खेलाडीहरुलाई सामाजिक सञ्जाल छोडेर क्रिकेटमा ध्यान केन्द्रित गर्न आग्रह गरेका थिए । वेष्ट इण्डिजसँगको खेलको पूर्वसन्ध्यामा मुम्बईमा आयोजित पत्रकार सम्मेलनमा उनले सामाजिक सन्जालमा भइरहेका टीकाटिप्पणीलाई खेलाडीहरुले ध्यान दिन नहुने स्पष्ट पारेका थिए ।

हाल सञ्चालन भइरहेको विश्वकपमा नेपाली टीमको बारे मानिसहरुले के भनिरहेका छन् भन्ने कुरामा खेलाडीहरुको ध्यान केन्द्रित भए उनीहरु वास्तविक कामबाट विचलित हुने धारणा मुख्य प्रशिक्षक लको रहेको थियो । खेलाडीहरु आफूलाई समर्थन तथा प्रायोजक प्राप्त गर्न पनि सामाजिक सञ्जालकै भरपर्ने मुख्य प्रशिक्षकको आरोप रहेको थियो । मुख्य प्रशिक्षकको आरोपलाई गम्भीरतापूर्वक लिएर नेपाल क्रिकेट सङ्घ क्यानले खेलाडीहरुले सामाजिक सञ्जालको प्रयोग कुन बेला, कस्तो अवस्थामा तथा कतिबेर गर्न पाउनेजस्ता नियम बनाउनु जरुरी देखिएको छ । झन विश्वकपजस्तो महत्वपूर्ण प्रतियोगिता खेलिरहेको टिमका खेलाडीहरुलाई मुख्य प्रशिक्षकले लगाएको आरोपलाई सरल रुपमा लिन हुँदैन ।

**विज्ञको सुझाव**

क्रिकेट खेलका अन्तरराष्ट्रिय कमेण्टेटर एण्ड्रु लियोनार्डले विगत केही वर्षदेखि नेपाली क्रिकेटलाई नजिकबाट नियालिरहेका छन् । नेपाली क्रिकेट टिमलाई अत्यन्त माया गर्ने व्यक्तिका रुपमा परिचय बनाउनुभएका एण्ड्रुले नेपालको ब्याटिङमा अझ बढी स्थिरता हुनुपर्ने सुझाव दिएका छन् । सामाजिक सञ्जालमा धारणा व्यक्त गर्दै उनले बलिङ समूहले पनि विकेट खोज्नु सट्टा दबाब सिर्जना गर्ने योजनाहरुमा राम्रोसँग अडिग रहनु आवश्यक भएको स्पष्ट पारेका छन् । यस्ता सुझावलाई सकारात्मक रुपमा ग्रहण गरी टिमलाई आवश्यक सुधार गर्न क्यानले ढिलो गर्न हुँदैन ।

तीनपटक विश्वकपमा प्रवेश पाउन सफल नेपाली राष्ट्रिय क्रिकेट टिमको आगामी दिनका लागि पनि क्षमता र सम्भावना राम्रो भएको आकलन गर्न सकिन्छ, तर तेस्रोपटकको प्रतिस्पर्धामा लगातार हारले हतास बनाएको नेपाली टीमलाई अन्तिममा भएको एउटा जितले भए पनि उत्साहित बनेर घर फर्किने वातावरण बनाएको छ । यसपटकको नतिजाले क्यानसामु अझ धेरै चुनौती थपिएका छन् । यसपालिको प्रतियोगिताको क्रममा देखिएको गल्ती तथा कमजोरीलाई सुधार गर्न क्यानले ढिलो गर्नु हुँदैन । रणनीतिक सुधार र निरन्तर अभ्यासले नेपाली टिमलाई गतिशीलताको बाटोतर्फ अग्रसर गराउँदै लैजाने विश्वास गर्न सकिन्छ । नेपाली राष्ट्रिय क्रिकेट टिमले मुम्बईमा हासिल गरेको नतिजालाई भोलिका दिनमा सुधार गर्नका लागि गम्भीर पाठका रुपमा लिएर यथोचित योजनाका साथ अघि बढेमा लज्जित हुनुपर्ने अवस्था पुनः नदोहोरिने कुरामा आशावादी हुन सकिन्छ ।


## बोलपत्र रद्द गरिएको सम्बन्धी सूचना

मितिः २०८२ / ११ / ०७

मिति २०८२/११/०२ गते शनिबारको दिन दैनिक लुम्बिनी पत्रिकामा प्रकाशित केराको राइपेनिङ्ग च्याम्बर स्थापनाको लागि बोलपत्र पेश गर्ने सम्बन्धी ठेक्का नं. NCB/GOODS / NARAYANI/082-083/01 को सूचना विशेष कारणले हाललाई रद्द गरिएको व्योहोरा जानकारी गरिन्छ ।

**नारायणी फलफूल सेन्टर**
सुस्ता गा.पा – ०५, नवलपरासी (ब.सु.प)
सम्पर्क नं. ९८६७७८०३२५, ९७६४३५०६७८


# तोरीखेतीको क्षेत्रफल र उत्पादन बढ्दै

घोराही (दाङ) । यहाँ पछिल्लो समय तोरी उत्पादनमा वृद्धि भएको छ । तोरीखेतीप्रति किसानको आकर्षण बढ्दै गएको हुँदा क्षेत्रफल र उत्पादन बढ्दै गएको हो । दाङको तोरी पहिचानका रूपमा रहेको कृषि ज्ञान केन्द्रका प्रमुख नवराज भण्डारीले बताए । जिल्लाबाट तोरीको तेलको माग अन्यत्र जिल्लामा धेरै रहेको उनको भनाइ छ ।

यहाँको तोरीको माग काठमाडौँ, पोखरा, चितवन, नेपालगञ्जलगायत जिल्लामा धेरै रहेको उनले बताए । "पहिलेदेखि नै दाङको तोरीको माग बाहिरी जिल्लाबाट धेरै हुने गरेको छ ।"-प्रमुख भण्डारीले भने । सहज रूपमा बिक्री भएमा किसानको आकर्षण बढ्दै जाने उहाँको भनाइ छ । "उत्पादन भएको तोरी कुनै पनि किसानलाई बजारको समयस्या नभएकाले पनि किसानको स८्या तथा क्षेत्रफल बढेको हो ।"-उनले भने ।

राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वन एकाइ दाङका तोरी जोनअनुसार क्षेत्रफलसँगै उत्पादन वृद्धि भएको हो । आर्थिक वर्ष २०७९/८० मा तोरी जोनअन्तर्गतको क्षेत्रमा एक हजार २०० हेक्टरमा खेती गरिएको थियो । जसमा एक हजार ९३२ मेट्रिक टन तोरी उत्पादन भएको तोरी जोनका प्रास सूर्यज्योति केसीले जानकारी दिए । आव २०८०/८१ मा एक हजार २०० हेक्टरमा तोरीखेती गरिएकामा दुई हजार चार मेट्रिक टन तोरी उत्पादन भएको थियो ।

आव २०८१/८२ मा एक हजार २४२ हेक्टरमा तोरीखेती गरिएकामा दुई हजार १२३.८२ मेट्रिक टन उत्पादन भएको हो । आव २०८२/८३ मा एक हजार २७८.०२ हेक्टरमा तोरीखेती गरिएकामा दुई हजार १९८.१९ मेट्रिक टन उत्पादन भएको छ । प्रतिहेक्टर १.७२ उत्पादकत्व रहेको छ । तोरी जोनले किसानलाई प्राविधिक, बिउ तथा प्रविधिमा सहयोग गर्दै आएको परियोजनाका प्रास केसीले बताए । तोरी जोन पश्चिम क्षेत्रको दङ्गीशरण, शान्तिनगर, बबई गाउँपालिका र तुलसीपुर उप-महानगरपालिकाको केही वडामा सञ्चालनमा रहेको छ । तोरीखेती गर्ने किसानले क्षेत्रफलसमेत विस्तार गर्दै गएका छन् ।

किसानले प्रतिक्विन्टल रु १४ हजारमा तोरी बिक्री गरेको बताएका छन् । पश्चिम क्षेत्रमा उन्नत जातका तोरीखेती गर्दै आएको केसीले बताए । किसानलाई तोरी जोनले बिउमा ५० प्रतिशत अनुदान, प्राविधिक सहयोग तथा प्रविधिमासमेत अनुदान दिँदै आएको छ ।

तोरीखेती छिटो उत्पादन लिने बाली भएकाले गहुँ लगाउने किसान पनि तोरीखेतीतर्फ आकर्षित हुन थालेका छन् । जिल्लामा सबैभन्दा बढी शान्तिनगर गाउँपालिका, बबई गाउँपालिका र दङ्गीशरण गाउँपालिकामा तोरीको व्यावसायिक खेती गर्ने किसानको संख्या धेरै रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

---

**कस्तो...**

'नेपाललाई अहिले सुधार चाहिएको हो । सुधारको ग्यारेन्टी लिएर हामीहरू उभिएका छौँ । संकल्प लिएर, योजना लिएर, कुन दिन के गर्ने ? नेपालको यो पाँच वर्ष खेर फाल्न हुन्न, गएको १०/१२ वर्ष जसरी विकास हुनुपथ्र्यो, त्यो हुन सकेन,' सभापति थापाले भने-'हामीले मान्यौं, मान्नुपर्छ यसलाई, त्यसको पार्ट हामी पनि हो तर यो पाँच वर्ष हामी खेर फाल्दैनौ । यो पाँच वर्ष खेर नफाल्ने भन्दै गर्दा हामी सम्हालिनुपर्छ ।'

सभापति थापाले देश परिवर्तनका लागि आवेग, रिस वा उत्तेजना मात्र पर्याप्त नहुने पनि जिकिर गरे । देश बनाउन सबै राजनीतिक दलहरूको सहभागिता र सहकार्य आवश्यक रहेको उनको भनाइ छ । देशमा रहेका सबै राजनितिक दललाई समेटेर अघि बढ्ने राजनीति आजको आवश्यकता रहेको र त्यो भूमिका नेपाली कांग्रेसले निर्वाह गर्ने दाबी उनले गरे ।

'देश उत्तेजनाले मात्रै बदलिन्न । देश रिसले बदलिन्न, देश आवेगले बदलिन्न । म असल, बाँकी रहेका सबै खराब भनेर देश बन्दैन । बन्नै सक्दैन । हाम्रा विमति छन्, राजनितिक दलहरूसँग, हामी फरक-फरक राजनितिक दल हौँ, हामी प्रतिष्पर्धा गर्छौं । तर हामी सबैको आफ्नो स्पेश छ । यो देश बनाउन एमाले पनि चाहिन्छ, माओवादी, रास्वपा, जसपा पनि चाहिन्छ, सबै चाहिन्छ । सबैलाई मिलाएर लिएर जानुपर्छ । त्यो मिलाएर लैजाने राजनीति आजको दिनमा नेपाली कांग्रेसले गर्छ ।'-थापाले भने ।

**देश सम्हाल्नसक्ने शक्तिले जित्नुपर्छ : विश्वप्रकाश**

नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले देश दुखिरहेका बेला भइरहेको चुनावमा सम्हाल्नसक्ने शक्तिले जित्नुपर्ने आवश्यकता रहेको बताएका छन् । बुधबार जनकपुरधाममा आयोजित कांग्रेसको चुनावी सभालाई सम्बोधन गर्दै उपसभापति शर्माले यस्तो बताएका हुन् ।

'हामी जान्दछौँ- यो बेला देशलाई दुखिरहेको छ । मधेशलाई दुखिरहेको छ,' उप-सभापति शर्माले भने-'यो बेला मूल प्रश्न कसलाई जिताउने भन्ने होइन । यो बेला विषय परिस्थितिमा देशलाई कसले सम्हाल्नसक्छ भन्ने हो ।' अहिले कसले जित्ने भन्ने प्रश्न नै नरहेको उनले बताए । 'कसले जित्ने भन्ने होइन, कसले सम्हाल्ने भन्ने हो । चुनाव त जिन्दगीमा कांग्रेसले कैयौँ जित्यो । हाम्रा लागि जित कुनै अनौठो कुरा होइन ।'- उनले भने ।

कांग्रेसले जिन्दगीमा कैयौँ चुनाव हारेको बताउँदै उनले हार पनि कुनै अनौठो नभएको उपसभापति शर्माले बताए । 'तर, प्रश्न आजको पद्धति हार्ने कि जित्ने भन्ने छ । प्रश्न-समाजको सद्भाव कसले कायम गर्ने भन्ने छ ।'- उनले भने ।

मधेशी भूमि नेपालीलाई सर्वाधिक अन्न दिने भूमि रहेको पनि उनले बताए । 'हामी सबै नेपालीको पेटमा सबैभन्दा बढी अन्न दिने भूमि मधेश हो । हामी मधेशका सबै किसान, किसानको अन्नको एकएक दानाप्रति कृतज्ञता ज्ञापन गर्न मधेश आएको हौँ ।'- उनले भने ।


## जो जससँग सम्बन्धित छ

जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं.११ बस्ने भारतीय भू.पू.सै.नं. १४३९४५२१ वाई.नायक पदका पेन्सनर लोक बहादुर खत्री पोखरेलको नागरिकतामा नाम थर लोक बहादुर खत्री पोखरेल, जन्म मिति वि.सं.२०२३/०३/११ तदनुसार इ.सं. १५ जुन १९६६ र भारतीय आर्मी अभिलेखमा नामथर लोक बहादुर पोखरेल क्षेत्री, जन्म मिति इ.सं. २५ जुन १९६६ उल्लेख भई फरक परेको तथा निजको पत्नी जीव कुमारी खत्री पोखरेलको नागरिकतामा नाम थर जीब कुमारी खत्री पोखरेल, जन्म मिति वि.सं.२०२७/०९/२१ तदनुसार इ.सं.५ जनवरी १९७१ र भारतीय आर्मी अभिलेखमा नामथर जमुना, जन्म मिति इ.सं.१२ जुलाई १९७० उल्लेख भई फरक परेकोमा उल्लेखित फरक फरक नाम थर र जन्म मिति एउटै व्यक्तिको भएको व्यहोरा प्रमाणित गरीपाउँ भनी नागरिकता, वसाइसराई तथा भारतीय आर्मी डकुमेण्टको फोटोकपी एवं बुटवल उपमहानगरपालिका ११ नं. वडा कार्यालयको च.नं. २९१६ मिति २०७५/०९/२२ को सिफारिस संलग्न राखी यस कार्यालयमा निवेदन पेश हुन आएको ।

सो सम्बन्धमा बुटवल उपमहानगरपालिका ११ नं. वडा कार्यालयको सिफारिस एवं जिल्ला प्रहरी कार्यालय, रुपन्देहीको च.नं. ३५५० मिति २०७५/१०/०७ को पत्रसाथ संलग्न सर्जमिन मुचुल्काबाट भारतीय भू.पू.सै.नं. १४३९४५२१ वाई. नायक पदका पेन्सनर लोक बहादुर खत्री पोखरेलको नागरिकतामा नाम थर लोक बहादुर खत्री पोखरेल, जन्म मिति वि.सं.२०२३/०३/११ तदनुसार इ.सं. १५ जुन १९६६ र भारतीय आर्मी अभिलेखमा नाम थर लोक बहादुर पोखरेल क्षेत्री, जन्म मिति इ.सं. २५ जुन १९६६ उल्लेख भई फरक परेको तथा निजको पत्नी जीव कुमारी खत्री पोखरेलको नागरिकतामा नाम थर जीब कुमारी खत्री पोखरेल, जन्म मिति वि.सं. २०२७/०९/२१ तदनुसार इ.सं. ५ जनवरी १९७१ र भारतीय आर्मी अभिलेखमा नाम थर जमुना, जन्म मिति इ.सं. १२ जुलाई १९७० उल्लेख भै फरक परेकोमा उल्लेखित फरक फरक नाम थर र जन्म मिति एउटै व्यक्तिको भएको भनी लेखि आएको व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिएको छ ।



**निवदेक**
**लोक बहादुर खत्री पोखरेल**



## ट्वाइलेट सफा गराउनुहोस्

**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।**

सम्पर्कः

**तिनाउ सेनेटरी**
बुटवल–१०, सुखानगर, रूपन्देही,
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

## ट्वाइलेट सफा गराउनुहोस्

**सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?**
**हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।**
**क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार**



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

**तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।**

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**सुरक्षासम्बन्धी निर्देशन सुन्दै निर्वाचनमा खटिएका निर्वाचन प्रहरीः**
यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा खटिएका निर्वाचन प्रहरीहरुलाई सुरक्षासम्बन्धी निर्देशन दिँदै जाजरकोटका प्रमुख जिल्ला अधिकारी राजु पौडेल। तस्विरः हेमन्त केसी/रासस

# विकासको योजनासहित जनताको घरदैलोमा पुगे चुन्नप्रसाद



बुटवल। नेपाली कांग्रेसका रूपन्देही क्षेत्र नम्बर २ का प्रतिनिधिसभाका उम्मेदवार चुन्नप्रसाद पौडेलले चुनावी अभियानलाई तीव्र बनाएका छन्। चुनावी अभियानका क्रममा उम्मेदवार पौडेलले रुपन्देही २ को सम्रग विकासको योजनासहित जनताको घर घरमा पुगेका छन्। पौडेल बुधबार बिहान रुपन्देही ७ दीपनगरका नागरिकसँग बुटवलको स्पष्ट विकासको योजनासहित घरदैलो अभियानमा गएका थिए।

घरदैलोका क्रममा पौडेलले उद्योग, अर्थतन्त्र, स्वास्थ्य र शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्दै आफ्ना योजना स्थानीयसमक्ष प्रस्तुत गरेका थिए। उनले साना तथा मझौला उद्योग प्रवर्द्धन, रोजगारी सिर्जना, गुणस्तरीय स्वास्थ्य सेवा विस्तार र सामुदायिक विद्यालय सुदृढीकरणलाई आफ्नो मुख्य एजेण्डा बनाएको बताए। "नयाँ अनुहार भन्दैमा मात्रै परिवर्तन हुँदैन, काम गर्ने इच्छाशक्ति र अनुभव चाहिन्छ," पौडेलले भने- "मैले विगतमा गरेका समाजसेवी काम र आगामी योजनाका आधारमा जनताको विश्वास जित्ने प्रयासमा छु।"

घरदैलो अभियानका क्रममा स्थानीयले फूलमाला र खादा लगाएर सम्मान प्रकट गरेका थिए। धेरैले पौडेलको आगमनलाई सकारात्मक संकेतका रूपमा लिँदै यसपटक वास्तविक विकास चाहिएको बताएका छन्।

स्थानीय बासिन्दाहरूले भने-"चुन्न जी हाम्रो टोलमा आउनु नै हामीका लागि सम्मानको विषय हो, विगतमा चुनाव जितेका नेताहरुले हामीलाई केही गरेनन्, आश्वासन मात्रै बाँडेर फर्केर आएनन्, चुन्नले विगतमा पनि सहयोग गर्नुभएको छ। नयाँ भन्दैमा मात्र परिवर्तन हुँदैन, काम गर्ने व्यक्ति चाहिन्छ। हामी आशावादी छौं कि यसपटक हाम्रो क्षेत्रले गति लिन्छ।"

दीपनगर बेल्टमा भएको उक्त घरदैलो अभियानमा स्थानीय युवाहरूको उल्लेख्य सहभागिता देखिएको थियो। युवाहरूले रोजगारी र सीप विकासका कार्यक्रम ल्याउन आग्रह गरेका छन् भने महिला समूहले स्वास्थ्य र स्वरोजगारसम्बन्धी योजनालाई प्राथमिकता दिन सुझाव दिएका छन्।

यस्तै बुधबार दिउँसो चुन्नप्रसाद बुटवल १ मा चुनावी घरदैलो कार्यक्रम गरे। घरदैलो कार्यक्रममा चुन्नप्रसाद पौडेलले स्थानीयहरुसँग छलफल समेत गरेका थिए। उनले आफू राजनीतिमा जनताको सेवा गर्नका लागि आएको बताउँदै आफ्नो अन्य कुनै पनि स्वार्थ नरहेको बताए। नागरिकहरुको दुःख देखेर नै आफू राजनीतिमा आएकाले यस पटक सहयोग गर्न स्थानीयहरुसँग आग्रह गरे। साथै उनले बुटवल १ पुरानो बटौली समेत भएकाले यसलाई संरक्षण गर्ने जनाए।

चुन्नप्रसाद शर्मा पौडेलले घरदैलो अभियानलाई औपचारिक रुपमा मंगलबारदेखि सञ्चालन गर्दै निरन्तरता दिएका छन्। उनका अनुसार जनताको सुझाव र प्रतिक्रिया संकलन गर्दै व्यवहारिक र कार्यान्वयन योग्य योजना अगाडि बढाइने प्रतिज्ञा गरेका छन्। पारि बुटवलका मुस्लिम समुदायले नेपाली कांग्रेसका उम्मेदवारलाई समर्थन गरेका छन्। उनीहरुले चुन्नप्रसादलाई जिताउने भन्दै सबै समुदाय साथमै रहेको बताए। समानुपातिक उम्मेदवार रीता सेन ओलीले कांग्रेस बलियो बनेर जनताका बिचमा पुगेकोले सबैतिर कांग्रेसको लहर बढेको बताइन्। उनले देश र संविधान जोगाएर नेपालको विकास गर्न कांग्रेसको विकल्प नभएको जनाइन्।

कांग्रेसले आज बिहीबार सैनामैना नगरपालिका वडा नं. ४ र सैनामैना वडा नं. २ मा घरदैलोको कार्यक्रम रहेको नेपाली कांग्रेस रुपन्देही क्षेत्र नं. २ का निर्वाचन परिचालन मूल समितिका संयोजक तथा क्षेत्रीय सभापति प्रजापाल गिरिले जानकारी दिए।

# उम्मेदवार पाण्डे घरदैलो अभियानमा



**गौरीशंकर जयसवाल**

*परासी*

प्रतिनिधिसभा सदस्य निर्वाचनमा नवलपरासी क्षेत्र नम्बर १ का उम्मेदवार रामप्रसाद पाण्डेले घरदैलो अभियानलाई निरन्तरता दिएका छन्।

पाण्डेले बर्दघाट नगरपालिको विभिन्न वडा तथा टोलमा मतदाताको घरदैलोमा पुगेर मत माग्ने कार्यलाई निरन्तरता दिएका हुन्। किसानले समयम मल नपाएको, किसानले उत्पादन गरेका बस्तुहरूको बजारीकारणको सहज वातावरण बनाइदिन र समयमा किसान उखुको भुक्तानी नपाएको भन्दै गुनासो गरेको पाण्डेले बताए।

घरदैलोको क्रममा सडक निर्माण, शिक्षामा सुधार गर्नुपर्ने, बेरोजगारी, सिँचाइ तथा मलखाद अभावलगायतका समस्याहरू रहेको अधिकांश मतदाताले पाण्डेसँग गुनासो गरेका थिए। चुरक्षेत्र रहेको खोलानालाले निम्त्याउने डुबानबाट धैरै धनजनक्षतिको बारे नियन्त्रण गर्न मातदाताहरूले सुझाव दिएका थिए।

बर्दघाटको नगरपालिका धेरै बाटो घाटो नपुगको सुखौरा, संसारकोटलगायतको क्षेत्रमा सडक निर्माण गरी जनतालाई आवतजावतमा सहज पुऱ्याउने मातादातासँग प्रतिबद्धता गरिएको पाण्डेले बताए। किसानलाई सिँचाइ व्यवस्था, बेरोजगार युवाहरूलाई कृषि पेशासँग जोडी स्वरोजगार बनाउने र पर्यटकीय क्षेत्रको विकासको काम अगाडि बढाउने भन्दै मत माग्दै छन्।

निर्वाचन क्षेत्र नं. १ मा चार पालिकामै सडक सञ्जाल नपुगेको ठाउँमा सडक सञ्जाल जोडिने भन्दै पाण्डेले भ्रष्टाचार शून्य सहनशिलता र सुशासन कायम गर्ने बताएका थिए। नवलपरासी समृद्ध बनाउने नीति कार्ययोजना ल्याउने र सांसदमा निर्वाचित भएपछि यस क्षेत्रको विकासको मूल फुटाउने भन्दै उम्मेदवार पाण्डेले घर दैलो अभियानमा मतदातासँग मत माग्दै हिंडिरहेका छन्।

# सीमावर्ती पसलमा अवैध भारतीय 'अण्डा' फेला



नेपालगञ्ज। बाँकेका सीमावर्ती पसलमा नेपाल सरकारले प्रतिबन्ध लगाएको भारतीय 'अण्डा' फेला परेको छ।

नेपालगञ्जको जमुनाह क्षेत्रमा संयुक्त बजार अनुगमन टोलीले अवैध भारतीय कुखुराको 'अण्डा' विभिन्न पसलहरुबाट फेला परेका हो। नेपाल सरकारले पन्छी र पन्छीजन्य पदार्थ ल्याउन प्रतिबन्ध लागेको अवस्थामा कुखुराको सेतो 'अण्डा' जमुनाहका पसलमा फेला परेको पशु क्वारेन्टाइन कार्यालयले जनाएको छ।

"हामीले जनाचेतना फैलाउने र अवैध कार्यलाई निरुत्साहित गर्ने उद्देश्यले बजार अनुगमन गरिरहेका छौं।"-पशु क्वारेन्टाइन कार्यालय बाँकेका प्रमुख डा. हरेराम यादवले भने। उनले विगत १० वर्षदेखि भारतबाट पन्छी र पन्छीजन्य पदार्थ ल्याउन प्रतिबन्ध लगाइएको उल्लेख गर्दै भारतबाट अवैध रुपमा ल्याएको कुखुरा वा अण्डा नेपालमा ल्याउन निषेध गरिएको बताए।

क्वारेन्टाइनको संयुक्त अनुगमन टोलीले १७ बढी मासु तथा होटल र पसलमा अनुगमन गरी सचेत गराउँदै केही पसललाई कारबाहीस्वरूप 'अण्डा' जफत गरी नष्ट गरेको जनाएको छ। सो टोलीले १५ क्यारेट बढी 'अण्डा' बरामत गरी नष्ट गरेको थियो।

अनुगमन टोली बजारमा अनुगमनमा एक्कासि गएपछि पसल सञ्चालकले पहिले जानकारी दिएर अनुगमन गर्न आउनुपर्ने भन्दै केहीबेर विवाद समेत गरेका थिए। पशु सेवाविज्ञ केन्द्र, बाँकेका वरिष्ठ पशु चिकित्सक डा.गणेश पुनले अनुगमन गर्दा जानकारी दिए कमजोरी लुकाउने प्रयास हुने उल्लेख गरे। पशु क्वारेन्टाइन कार्यालय नेपालगञ्जका प्रमुख वरिष्ठ पशु चिकित्सक यादवको नेतृत्वमा भएको सो बजार अनुगमन भएको थियो। मासु पसलको अनुगमनमा केही पसल बिना दर्ता सञ्चालन गरेको, सरसफाइमा ख्याल नगरेको, नवीकरण नगरेको र बिलबिजक सही नराखेको पाइएको थियो।

अनुगमन टोलीले व्यावसायिक कुखुरा फार्मसमेतको निरीक्षण गरेको थियो। अनुगमन टोलीमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र नेपालगञ्ज, घरेलु तथा साना उद्योग महासङ्घ, नेपालगञ्ज उमहानगरपालिका पशु सेवा शाखा, सीमा सुरक्षा गुल्म जमुनाह, बोर्डर आउट पोस्ट जयसपुर, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, इलाका प्रहरी कार्यालय जमुनाहालगायतका प्रतिनिधि तथा प्रमुख रहेका थिए।

# स्वीकृति नलिइ भित्तेपात्रो छापे एक लाखसम्म जरिवाना

बुटवल। नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको स्वीकृत नलिई भित्तेपात्रे छापे रु एक लाखसम्म जरिवाना हुने भएको छ।

समितिले भित्तेपात्रो प्रकाशन गर्दा अनिवार्य रुपमा नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको अनुमति लिनुपर्ने व्यवस्था गरेको छ। समितिका कार्यकारी निर्देशक लक्ष्मण पन्थीले कानुनअनुसार समितिबाट स्वीकृति नलिई पात्रो तथा क्यालेण्डर प्रकाशन गर्न नपाइने बताए। "समितिबाट स्वीकृत नलिई पात्रो तथा भित्तेपात्रो प्रकाशन गर्न पाइँदैन, यदी कसैले स्वीकृत नलिई पात्रो तथा भित्तेपात्रो प्रकाशन गरे एक लाखसम्म जरिवाना हुन्छ।"-कार्यकारी निर्देशक पन्थीले भने।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको गठन आदेश २०७७ को दफा ७ (ञ) र (ढ) मा समितिबाट स्वीकृति लिएर मात्रै पात्रो तथा भित्तेपात्रो प्रकाशन गर्न पाइने भन्ने व्यवस्था छ। उक्त समितिको दिग्दर्शनको परिच्छेद १५ मा स्वीकृत नलिइ पात्रो तथा क्यालेण्डर प्रकाशन गरे रु १० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ। कसैले स्वीकृत नलिइ पात्रो वा क्यालेण्डर प्रकाशन गरेको विषयको अनुगमन गर्ने जिम्मेवारी जिल्ला प्रशासन कार्यालयलाई तोकिएको छ।

कार्यकारी निर्देशक पन्थीले पात्रो र भित्तेपात्रो प्रकाशन गर्ने सबै संस्था, कम्पनी, निकाय वा व्यक्तिलाई अनिवार्य रुपमा स्वीकृति लिनुपर्ने जनाए। बेच्ने प्रयोजनको लागि प्रकाशन गरिएका र निःशुल्क वितरण गर्न लागिएका पात्रो वा भित्तेपात्रो प्रकाशनको लागि अनिवार्य रुपमा स्वीकृति लिनुपर्ने हुन्छ।

समितिले भित्तेपात्रो प्रकाशनको स्वीकृतिका लागि शुल्क तय गरेको छ। समितिले शैक्षिक संस्थाले प्रकाशन गर्ने क्यालेण्डरको स्वीकृतिका लागि रु दुई हजार रुपैयाँ, निःशुल्क वितरण गर्न प्रकाशन गरिने क्यालेण्डरको स्वीकृतिका लागि रु पाँच हजार रुपैयाँ र मूल्य राखेर प्रकाशन गरिने क्यालेण्डर स्वीकृतिमा रु १० हजार रुपैयाँ शुल्क लाग्ने व्यवस्था गरेको छ।

## साई ग्लोबल कप क्रिकेटः

# लीलाराम र होराइजनलाई सफलता







भैरहवा। भैरहवामा जारी ११औं संस्करणको जिल्लास्तरीय अन्तरकलेज साई ग्लोबल टी-२० क्रिकेट प्रतियोगितामा रुपन्देही लीलाराम र न्यू होराइजन विजयी भएका छन्। बुधबार भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएका दुई खेलमा लीलारामले साई ग्लोबल कलेज 'बी'लाई २८ रन र होराइजनले मुनलाइटलाई ६३ रनले पराजित गर्दै जित निकालेका हुन्।

टस जितेर ब्याटिङ गरेको रुपन्देही लीलारामले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १ सय ३१ रन बनायो। उसका लागि रमेश कुर्मीले अविजित २३, फैजन मुसलमानले २२, अजय केवटले १६, करण यादवले १२ र हरिकेश मुराउले नटआउट १० रन जोडे। बलिङमा साई ग्लोबल 'बी' का विष्णु कटरिया र अमनसिंह घर्तीले समान २-२ तथा विराज यादव र आरभसिंह पौडेलले १-१ विकेट लिए।

जवाफमा साई ग्लोबल 'बी'ले १८ ओभर २ बलमा सबै विकेट गुमाएर १ सय ३ रन बनायो। उसका लागि विकास यादवले ४५, विष्णु कटरियाले २१ र अभिषेक सुनारले १६ रन बनाए। बलिङमा लीलारामका करण यादवले ४, प्रेमसागर यादवले २ तथा हरिकेष मुराउ, रमेश कुर्मी र कलम मुसलमानले १-१ विकेट लिए। खेलमा करण यादव प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे।

यस्तै, अर्को खेलमा टस जितेर ब्याटिङ गरेको न्यू होराइजनले ६ विकेटको क्षतिमा २ सय ३ रन बनायो। उसका लागि आरिफ खानले ६२, विप्रसन केसीले २९, संगम पाण्डेले २८, अमर मिश्रले २५ र सिद्धार्थ ढकालले २१ रन जोडे। बलिङमा मुनलाइटका निश्चल ज्ञवाली, निरज मल्ल र दिलसाद अलीलले समान २-२ विकेट लिए।

जवाफी ब्याटिङ गरेको मुनलाइटले ८ विकेट गुमाएर १ सय ४० रन बनायो। उसका लागि निश्चल ज्ञवालीले ५९ र दिलसाद अलीले ५८ रन जोडे पनि जितका लागि पर्याप्त भएन। बलिङमा न्यू होराइजनका शुभम खनाल, विप्रसन केसी र शुभम पाण्डेले समान २-२ विकेट लिए। खेलमा आरिफ खान प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे।

फागुन १४ गतेसम्म चल्ने प्रतियोगितामा जिल्लाका विभिन्न २० वटा कलेजहरुको सहभागिता रहेको खेल संयोजक निरजप्रताप खाँणले बताए। प्रतियोगिताको विजेता टिमले ५५ हजार ५ सय ५५ रुपैयाँ, उप-विजेता टीमले नगद २५ हजार ५ सय ५५ रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन्। यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट ब्याटर र बलरले समान ५-५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले एक हजार रुपैयाँ पाउने छन्। यस्तै, प्रतियोगिताको अनुशासित टिमलाई पनि सम्मानित गरिने आयोजकले जनाएका छन्।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रजातन्त्रको सम्मान गरौं।

-राज्यशक्तिका स्रोत जनता हुन्।
-निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो।
-आवधिक निर्वाचन प्रजातन्त्रको आधार स्तम्भ हो।
-नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला प्रजातन्त्रमा
-मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ।
-कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो।
-शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं।
- सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं।
-सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं।
-प्रजातान्त्रिक संस्कृतिको सम्बर्द्धन गरौं।

नेपाल सरकार विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com